# आय विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरुमा विवरण प्रविष्टि सम्बन्धी जरुरी सूचना

आन्तरिक राजस्व विभागले आयकर ऐन, २०५८ को दफा ७७ बमोजिम आ.व.२०७८/७९ को आय विवरण पेश गर्दा दाखिला हुने डे०३ फारामसँग सम्बन्धित अनुसूची ५ र अनुसूची १३ को विवरणमा थप गरी कार्यान्वयनमा ल्याईएको। यस विषयमा विस्तृत विवरण सहितको जानकारी विभागको वेभसाइट www.ird.gov.np को होमपेजमा “सूचना” अन्तर्गत मिति July 13, 2022 को “आय विवरणको अनुसूची ५ तथा अनुसूची १३ मा गरिएको सामान्य सुधार सम्बन्धी जरुरी सूचना” मा हेर्न सकिने छ।

आय विवरणको अनुसूचीहरु भर्दा तोकिएको महल(कोलम)मा अनिवार्य रुपमा रकम/अंक तथा विवरणहरु प्रविष्टि गर्नु पर्ने प्रावधान राखिएकोले देहायको कुराहरुमा ध्यान दिनु हुन अनुरोध छ।

- अनुसूची ५ को प्रत्येक हरफ/महलमा उल्लेखित आय तथा खर्चका शीर्षकहरुमा कारोबार रकम नभएता पनि अनिवार्य रुपमा शून्य (०) प्रविष्टि गर्नु पर्दछ।
- अनुसूची १३ मा एक लाख रुपैयाँभन्दा बढी रकमको खरिद/विक्री/डेटर्स/क्रेडिटर्सको नाम र रकम उल्लेख गर्दा सम्बन्धित व्यक्ति/करदाताको स्थायी लेखा नम्बर (PAN) अनिवार्य रुपमा प्रविष्टि गर्नु पर्दछ।
- वित्तीय विवरण अनुसारको रकम प्रविष्टी गर्नुपर्ने व्यवस्था भएको र आय विवरणको अनुसूचीको ५ मा दावी भएको रकम संग फरक देखिने गरी व्यवस्था गरिएको छ।

आय विवरण र अनुसूची फारामहरु भर्ने संशोधित व्यवस्था सम्बन्धी जानकारी विभागको वेभसाइटमा राखिएको छ। जसमा सुधार गरिएको डे०१ आय विवरण, डे०२ आय विवरण र डे०३ आय विवरण दाखिला गर्ने र अनुसूचीहरुमा विवरण प्रविष्टि गर्ने जानकारी मूलक सूचना राखिएको व्यहोरा अनुरोध छ।

**आन्तरिक राजस्व विभाग**